मानननीय आर्थिक मामिला तथा योजना मन्त्री

श्री प्रभात तमाङले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०८३ का

# सिद्धान्त र प्राथमिकता

बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

जेठ, २०८३

## माननीय सभामुख महोदय,

१. सर्वप्रथम देशभित्र र संसारभरि रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा आत्मीय सम्मान प्रकट गर्न चाहान्छु। २००७ सालको ऐतिहासिक जनक्रान्ति अघिदेखि हालसम्म विभिन्न कालखण्डमा भएका आन्दोलनमा लोकतन्त्र, मानव अधिकार र सुशासनका लागि आफ्नो प्राण उत्सर्ग गर्ने अमर सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतान्त्रिक आन्दोलनहरुको क्रममा घाइते, वेपत्ता भएका, निर्वासनमा जानु परेका, घरवारविहिन भएका सबैमा उहाँहरुको आदर्श, अदम्य साहस र समर्पणलाई स्मरण गर्दै उच्च सम्मान प्रकट गर्दछु।

२. नागरिक अधिकार, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने जनचाहनालाई प्रतिविम्बित गर्दै समग्र प्रदेशको विकासको नयाँ खाका कोर्ने अभिप्रायले प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ बमोजिम विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता यस सम्मानित सभामा प्रस्तुत गर्न उपस्थित भएको छु।

३. संघीय शासन प्रणालीको अभ्याससँगै प्रदेश सरकारले हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै विकासलाई अझ तीव्र, गुणस्तरीय, परिणाममुखी र प्रविधिमा आधारित बनाउन आवश्यक रहेको छ। यसका लागि सीमित स्रोत– साधनको उच्चतम

उपयोग गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमा प्रदेश सरकार केन्द्रित रहनुपर्नेछ।

४. चालु आर्थिक बर्षको बजेट कार्यान्वयनको शुरुवातमै भएको जेन-जी विद्रोह, प्रतिनिधिसभाको निर्वाचन, जनशक्तिको अभाव, मध्यपूर्वमा भएको अशान्तिका कारण पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि आदि विविध कारणले पूँजीगत खर्चमा उल्लेखनीय सुधार हुन सकेन। तथापी, विद्रोहका क्रममा क्षतिग्रस्त भएका प्रदेश सरकारका संरचनाहरुको पुनर्निर्माण गरी सेवा प्रवाहलाई नियमित रुपमा सुचारु गर्न आवश्यक प्रबन्ध गरी सकिएको छ।

५. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र, आत्मनिर्भर, समावेशी र दिगो आर्थिक विकासको लक्ष्यलाई मार्गदर्शनको रूपमा ग्रहण गर्दै नेपालको सोह्रौं आवधिक योजना, बागमती प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न राजनीतिक दलका घोषणापत्रहरु, समय समयमा समाजका विभिन्न क्षेत्रबाट प्राप्त सुझावहरु र वर्तमान आर्थिक चुनौती तथा अवसरहरूको विश्लेषणका आधारमा विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता तय गरेको छु।

## माननीय सभामुख महोदय,

अब म विनियोजन विधेयक, २०८३ का सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## ६. बजेट तर्जुमाका सैद्धान्तिक आधार

संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, सोह्रौं आवधिक योजना र बागमती प्रदेशको दोश्रो आवधिक योजनाले लिएका लक्ष्य, रणनीति र प्राथमिकताहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेगरी आगामी वर्षको बजेट तर्जुमा गरिनेछ। आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरुसँग सामञ्जस्यता कायम गरिनेछ।

## ७. प्रभावकारी वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन

वर्तमान आर्थिक शिथिलता, संकुचित आन्तरिक राजस्व र उत्पादनमा आएको ह्रासलाई सम्बोधन गर्न फजुल र अनुत्पादक खर्चलाई निरुत्साहित गरिनेछ। टुक्रे र पहुँचका आधारमा विनियोजन गरिने बजेट प्रणालीलाई सुधार गरी योजना छनौटको प्रभावकारी विधि स्थापित गर्न आयोजना बैङ्कको पूर्ण कार्यान्वयन गरिनेछ। आयोजना छनौट, कार्यान्वयन र मूल्याङ्कनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय जवाफदेहिता कायम गरिनेछ। प्रदेश सरकारले शुरु गरेका अधुरा आयोजनाहरू सम्पन्न हुने गरी बजेटको व्यवस्था गरिनेछ। परिणाममुखी, निर्वाचन क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुने गरी समन्यायिक वित्तीय व्यवस्थापन गरिनेछ।

## ८. डिजिटल रुपान्तरण र चुस्त प्रशासन

विश्वव्यापी डिजिटल रूपान्तरणलाई दृष्टिगत गर्दै “विकासको आधारः प्रविधि र सुशासन मार्फत सेवा विस्तार” भन्ने भावनालाई आत्मसात् गरी प्रशासनिक पुनर्संरचनामार्फत सार्वजनिक सेवा

प्रवाहलाई सरल, थप प्रभावकारी, छरितो, नागरिकमैत्री र परिणाममुखी बनाइनेछ।

## ९. समन्वय, सहकार्य र साझेदारीमा आधारित विकास

संविधानले परिलक्षित गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि तीन तहका सरकारबीच समन्वय, सहकार्य र स्पष्ट कार्यविभाजन अनुरुप शासन प्रणालीलाई थप सबल बनाइनेछ। संघ र प्रदेश सरकारका नीतिमा सामञ्जस्यता ल्याई सोही अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ। संविधान प्रदत्त तीन खम्बे अर्थ नीति बमोजिम सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता र साझेदारीलाई प्रवर्द्धन गरिनेछ। निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख इञ्जिनका रूपमा परिचालन गरिनेछ। स्वदेशी तथा विदेशी लगानी आकर्षणका लागि तीनै तहका सरकारहरुबीचको समन्वयमा लगानीको वातावरण निर्माण गरिनेछ।

## १०. कर प्रणाली सुधार र राजश्वको दायरा विस्तार

राजश्वको नयाँ स्रोतहरुको पहिचान र परिचालनमार्फत प्रदेशको आन्तरिक आय वृद्धि गरिनेछ। डिजिटल राजश्व प्रणाली स्थापना गरी राजश्व संकलनको लागत घटाइनेछ। अनौपचारिक आर्थिक क्रियाकलापहरुलाई विशेष कार्यक्रममार्फत औपचारिकीकरण गरी राजश्व चुहावट नियन्त्रण र राजश्वको दायरा विस्तार गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८३ का प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## ११. मौलिक हक अधिकारको सुनिश्चितता

संविधान प्रदत्त नागरिकका हक र अधिकारको संरक्षणमा विशेष ध्यान दिंदै प्रदेशको समग्र विकास प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहनेछ।

## १२. डिजिटल इकोसिस्टम र सुशासन

नागरिकसँग प्रत्यक्ष जोडिएका सेवाहरूलाई क्रमिक रूपमा अनलाइन र पूर्ण पारदर्शी बनाइनेछ। कर प्रशासनमा डिजिटल प्रणालीको प्रयोग गरिनेछ। प्रदेशका हरेक विकास आयोजनाको कार्यप्रगतिको विवरण सर्वसाधारणले मोबाइल एपबाटै रियल-टाइम हेर्न सक्ने प्रणालीको विकास गरिनेछ। नागरिक केन्द्रित एकिकृत डिजिटल प्लेटफर्म निर्माण, डाटा सुरक्षालाई उच्च प्राथमिकता दिइनेछ। स्थानीय तहसम्मको डिजिटल प्रणालीहरुबीच अन्तरआबद्धता कायम गरी डिजिटल साक्षरता अभियान चलाई सूचना प्रविधिमा लगानी बढाइनेछ।

## १३. पूर्वाधार विकास

प्रदेशको सन्तुलित विकासका लागि सडक, एकिकृत शहरी पूर्वाधार, सुरक्षित आवास तथा विपद् प्रतिरोधी संरचना निर्माणलाई प्राथमिकता दिइनेछ। औचित्य र आवश्यकताका आधारमा अधुरा

आयोजनाहरूलाई सम्पन्न गरिनेछ। स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक र प्रादेशिक सडक गुरुयोजना अन्तर्गतका सडक पूर्वाधारको निर्माणलाई प्राथमिकता दिइनेछ। हरेक जिल्लामा कम्तीमा एउटा प्रदेश रुपान्तरणका आयोजनाहरु छनौट गरी प्रदेश गौरवको आयोजना अन्तर्गत कार्यान्वयन गरिनेछ। स्थानीय उत्पादनको प्रवर्द्धन हुने, उत्पादनलाई बजारसम्म जोड्ने र नागरिकको आयआर्जनको अवसर सिर्जना गर्ने गरी सडक, कृषि, उद्योग, पर्यटन र वनसम्बन्धी एकिकृत पूर्वाधार विकासमा जोड दिइनेछ।

## १४. स्वास्थ्य सेवा सुदृढीकरण

आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच विस्तार, डिजिटल स्वास्थ्य सेवा र जनशक्ति व्यवस्थापनमा सुधार गरिनेछ। मातृ तथा बाल स्वास्थ्य, किशोर किशोरी, जेष्ठ नागरिक तथा विपन्न लक्षित स्वास्थ्य कार्यक्रम कार्यान्वयन गरिनेछ। सञ्चालनमा रहेका कार्यक्रमहरुको प्रभावकारिता मूल्याङ्कनको आधारमा निरन्तरता दिइनेछ।

## १५. उद्यमशीलता र नवप्रवर्तनः “गरीखानेलाई बागमतीमै अवसर”

युवाहरूमा प्रदेशप्रतिको भरोसालाई मजबुत बनाउन प्रदेशभित्र उद्यमशीलता र रोजगारीको इकोसिस्टम निर्माणमा जोड दिइनेछ। युवाहरुलाई नवप्रवर्तन र स्टार्टअपहरूमा प्रोत्साहन गर्न वित्तीय तथा प्राविधिक सहजता प्रदान गरिनेछ। स्थानीय र प्रादेशिक

स्तरमा Hackathon लगायतका प्रतियोगिता मार्फत विद्यार्थीहरूमा नवप्रवर्तन र उद्यमशीलताको भावना विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। Agri–tech, Edu–tech, Health–tech लगायतका क्षेत्रहरूमा काम गर्ने उच्च सम्भावना भएका स्टार्टअपहरु पहिचान गरी सहयोग गरिनेछ।

## १६. गुणस्तरीय शिक्षा, प्रविधि र सीप विकास

प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै युवालाई श्रम बजारसँग जोडिने गरी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। उच्च शिक्षामा अध्ययनरत विद्यार्थी एवं युवा वैज्ञानिकहरुको विज्ञान प्रविधि तथा नवप्रवर्तनका लागि अनुसन्धान र इन्टर्नसिपमा जोड दिइनेछ। शैक्षिक तथा नीजि क्षेत्रका साझेदारहरूसँग मिलेर विद्यालय तहमा STEM/IT Curriculum सञ्चालन गरी प्रवर्धन गरिनेछ।

## १७. कृषि आधुनिकीकरण र व्यवसायीकरण

परम्परागत र निर्वाहमुखी कृषिलाई उत्पादन र आयमुखी बनाउँदै यान्त्रिकीकरण, सिँचाइ विस्तार, भण्डारण, प्रशोधन र बजार प्रणाली विकास गरिनेछ। वर्षातको पानी संकलन गरी सुख्खायाममा सिँचाइको सुविधा उपलब्ध गराइनेछ। कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न सार्वजनिक, नीजि र सहकारी क्षेत्रमार्फत विविध कार्यक्रम कार्यान्वयन गरिनेछ। कृषि उद्यमीका लागि कर्जामा व्याज अनुदानको व्यवस्था गरिनेछ।

## १८.उद्योग, पर्यटन र यातायात

घरेलु, साना तथा मझौला उद्योगहरूलाई प्रोत्साहन गरी प्रादेशिक उत्पादनको ब्राण्डिङ, बजारीकरण र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ। धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै बागमती प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। ऐतिहासिक, धार्मिक र साहसिक पर्यटकीय सर्किट निर्माण गर्दै पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास र प्रचारप्रसारमा लगानी गरिनेछ। बागमती प्रदेशका सबै जिल्लाबाट यातायात सम्बन्धी सेवा प्रवाह हुने गरी सेवा विस्तार गरिनेछ। सडक सुरक्षा मापदण्ड कडाइका साथ लागू गर्दै सार्वजनिक यातायात सेवाको गुणस्तर सुधार गरिनेछ।

## १९. खानेपानी, ऊर्जा र सरसफाई

स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ। उर्जा क्षेत्रको विकास र विस्तारका लागि नीतिगत व्यवस्था गरिनेछ। स्थानीय तहसँगको सहकार्य र साझेदारीमा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गरिनेछ।

## २०.सामाजिक न्याय, समावेशी विकास र खेलकुद

पिछडिएका वर्ग, क्षेत्र समुदाय र भुमिहिन नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने र आर्थिक उन्नति हुनेगरी कार्यक्रम ल्याइनेछ। आगामी आर्थिक वर्षमा प्रदेशका अति विपन्न परिवारलाई आवासको व्यवस्था गरिनेछ। सबै वर्गका लागि लक्षित कार्यक्रममार्फत समावेशी विकास सुनिश्चित गरिनेछ। खेलकुद

पूर्वाधार विकास, खेलाडी प्रोत्साहन र खेलकुद प्रतियोगितामा सहभागीताका लागि व्यवस्था मिलाइनेछ।

## २१. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण

वन संरक्षण, जैविक विविधता प्रवर्द्धन र जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ। वनजन्य स्रोतको दिगो व्यवस्थापन र उपयोग गरी आर्थिक, सामाजिक र वातावरणीय लाभ हासिल गर्न वन उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ। प्रदेशमा प्राकृतिक तथा मानवजन्य विपद् जोखिमलाई न्यूनीकरण गर्न एकीकृत, पूर्वतयारीमुखी र प्रविधिमा आधारित प्रणाली विकास गरिनेछ। स्थानीय तहसँग समन्वय गरी उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई छिटो, प्रभावकारी र व्यवस्थित बनाइनेछ। साथै, विपद् व्यवस्थापनमा निजी क्षेत्र, नागरिक समाज तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै जनचेतना, क्षमता अभिवृद्धि र बीमा जस्ता जोखिम न्यूनीकरण र व्यवस्थापनका उपायहरू अवलम्बन गरिनेछ।

## २२. सहकारी, वित्तीय क्षेत्र र बीमा

सहकारी संस्थाको सुदृढ नियमन र क्षमता विकासमार्फत वित्तीय स्थायित्व कायम गरिनेछ। समस्याग्रस्त सहकारी संस्थाको समस्या समाधानको लागि **"बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समिति"** को कार्यलाई प्रभावकारी बनाइनेछ। प्रदेशवासी नागरिक र उद्यमलाई सहज रूपमा बैंकिङ सेवामा वित्तीय पहुँच सुनिश्चित गरिनेछ। प्रदेशका नागरिकको बीमा

सेवामा पहुँच बढाउँदै स्वास्थ्य, कृषि र पशु बीमा सेवाको विस्तार गरिनेछ।

## २३. सार्वजनिक खर्च व्यवस्थापन

सार्वजनिक खर्चमा पारदर्शिता, जवाफदेहिता र वित्तीय सुशासन कायम गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्रणालीलाई समयवद्ध, प्रभावकारी र परिणाममुखी बनाइ थप व्यवस्थित गरिनेछ।

२४. प्रस्तुत सिद्धान्त र प्राथमिकताका आधारमा तर्जुमा हुने बजेटले उत्पादन, रोजगारी, सुशासन र समृद्धिलाई सुदृढ बनाउँदै प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दछु। यस सम्मानित सभामा हुने छलफलबाट प्राप्त सुझावहरूलाई बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा मार्गदर्शनको रुपमा लिइने प्रतिबद्धता व्यक्त गर्दै, विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामा समर्थनका लागि हार्दिक अनुरोध गर्दछु।

धन्यवाद!

मितिः २०८३ जेठ ११ गते।